३) बहालवाला सरकारी कर्मचारी तथा शिक्षक,
४) सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु,
५) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाइ उक्त सजाय भुक्तान गरेको तीन बर्ष ननाघेका व्यक्तिहरु,
६) कुनै कानुनले अयोग्य घोषणा गरेको व्यक्तिहरु,
७) निर्माण व्यवसायको ईजाजत लिएका व्यक्तिहरु,
८) सार्वजनिक सम्पत्ति हिनामिना गरेका व्यक्तिहरु,
९) गाँउपालिकालाई तिर्नुपर्ने दायित्व नतिर्ने व्यक्तिहरु ।
१०) शौचालय तथा सरसफाइको व्यवस्था नगर्ने व्यक्तिहरु

## ६) उपभोक्ता समितिलाई तालीम

१) उपभोक्ता समितिको क्षमता अभिवृद्धिका लागि उपभोक्ता समितिसँग सम्झौता भएपछि गाँउपालिकाद्वारा आयोजना सञ्चालन तथा लेखा व्यवस्थापन एवं न्युनतम प्राविधिक ज्ञानका लागि उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र अनुगमन समितिका संयोजकलाई आवश्यकता अनुसार तालीम सञ्चालन गरीने छ ।
२) यस प्रकारको तालीमको खर्च संभव भएसम्म सम्बन्धित योजनाको कन्टिन्जेन्सी शिर्षकबाट गरिने छ ।
३) तालीम आवश्यकता अनुसार योजना स्थलमा पायक पर्ने केन्द्रमा वा स्थानमा सञ्चालन गरिने छ ।

## ८) उपभोक्ता समितिको काम कर्तव्य र अधिकार

संघ तथा प्रदेश र स्थानीय तहबाट परिमार्जित ऐन नआइसकेको परिप्रेक्ष्यमा स्थानीय निकाय ( आर्थिक प्रशासन) नियमावली २०६४ मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१) उपभोक्ता समितिको गठनसँगै विनियोजित वजेट रकम अनुसार सम्वन्धित प्राविधिकहरुको सहयोगमा कार्ययोजना वनाई जनसहभागिताको व्यवस्था मिलाउने ।
२) योजनाका लागि निर्दिष्ट गरिएको जनसहभागिताको हकमा समुहबाट उपलब्ध हुने श्रम सिप आदिको व्यवस्था गर्ने । श्रमदानको ठाँउमा नगद सहभागिता दिने गरी तोकिएकोमा गाँउपालिकाको सिफारिसमा खोलिएको बैंक खातामा नगद सहभागिता वापतको रकम जम्मा गरी सक्कल बैंक भौचर सहित संवन्धित निकायमा पेश गरी सम्झौता गर्ने ।
३) सम्झौता पछि गाँउपालिकाबाट अनुसूचि ३ बमोजिम कार्यादेश प्राप्त गरी कार्य शुरु गर्ने ।
४) समुह अनुकुल हुने आचरण गर्ने ।
५) आयोजनाको सार्वजनिक परिक्षण गराउने ।
६) जाँचपास फरफारक गराई योजना हस्तान्तरण गरी जिम्मा लिने ।
७) योजना सञ्चालनका सन्दर्भमा नियमित रुपमा बैठक बस्ने, निर्णय सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने । विल भरपाइ सुरक्षित राख्ने ।
८) समितिको वैठक नियमित रुपमा वस्ने र आय व्ययको विवरणका साथै भए गरेका कामको वारेमा समुहका साथै संवन्धित निकायमा जानकारी गराउने ।
९) कार्यान्वयनको सिलसिलामा डिजाईन भन्दाफरक कार्य सामान्यतया: नगर्ने । यदि गर्नुपर्ने अवस्था सिर्जना भएमा समितिको बैठक बसी फरक कार्य गर्नुपर्ने भएमा औचित्यको वारेमा

केशव नन्द वनिया
गाँउपालिका अध्यक्ष